कर्णाली प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

## वीरेन्द्रनगर, सुर्खेत

## चिकित्सक तथा स्वास्थ्यकर्मी सेवा करारमा लिने सम्बन्धी सूचना

## (प्रथम पटक सूचना प्रकाशित मिति २०७८।०९।२७)

सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश मातहतका अस्पताल र स्वास्थ्य सेवा कार्यालयहरुको लागि लोक सेवा आयोगबाट पदपूर्तिका लागि सिफारिस भई आएमा वा स्थायी कर्मचारी खटिई आएमा वा अन्य व्यवस्था भएमा स्वतः नरहने गरी स्वास्थ्य सेवाका देहाय बमोजिमका पदहरुमा प्राविधिक कर्मचारी सेवा करारमा लिनुपर्ने भएकोले तपसिल बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (प्रन्ध) दिनभित्र कार्यालय समयभित्र सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेशमा दरखास्त दिनुहुन सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिलः**

| सि.न. | विज्ञापन नं. | पद | सेवा | समुह/ उपसमूह | तह | आवश्यक माग संख्या |
|---|---|---|---|---|---|---|
| १ | १/०७८/०७९ | कन्सल्टेन्ट अब्सटेटिक्स | स्वास्थ्य | अब्सटेटिक्स | नवौं | ११ |
| २ | २/०७८/०७९ | कन्सल्टेन्ट पेडियाट्रीसियन | स्वास्थ्य | पेडियाट्रिक्स/ पेडियाट्रिक | नवौं | २ |
| ३ | ३/०७८/०७९ | कन्सल्टेन्ट नियोनेटोलोजिष्ट | स्वास्थ्य | पेडियाट्रिक्स/ नियोनेटोल | नवौं | १ |
| ४ | ४/०७८/०७९ | कन्सल्टेन्ट जनरल फिजिसियन | स्वास्थ्य | मे./जनरल मे. | नवौं | ११ |
| ५ | ५/०७८/०७९ | कन्सल्टेन्ट ग्याष्ट्रो-इन्टेरोलोजिष्ट | स्वास्थ्य | मे./ग्याष्ट्रो- | नवौं | १ |
| ६ | ६/०७८/०७९ | कन्सल्टेन्ट कार्डियोलोजिष्ट | स्वास्थ्य | मे./कार्डियोलोजी | नवौं | १ |
| ७ | ७/०७८/०७९ | कन्सल्टेन्ट नेफ्रोलोजिष्ट | स्वास्थ्य | मे./नेफरोलोजी | नवौं | १ |
| ८ | ८/०७८/०७९ | कन्सल्टेन्ट इन्डोक्राइनोलोजिष्ट | स्वास्थ्य | मे./इन्डोक्राइनोलोजी | नवौं | १ |
| ९ | ९/०७८/०७९ | फरेन्सिक मेडिसिन अधिकृत | स्वास्थ्य | मे./फरेन्सिक | नवौं | १ |
| १० | १०/०७८/०७९ | कन्सल्टेन्ट जनरल सर्जन | स्वास्थ्य | सर्जरी/जनरल सर्जरी | नवौं | १२ |
| ११ | ११/०७८/०७९ | कन्सल्टेन्ट अर्थोपेडिक सर्जन | स्वास्थ्य | सर्जरी/अर्थोपेडिक सर्जन | नवौं | १ |
| १२ | १२/०७८/०७९ | कन्सल्टेन्ट पेडियाट्रीक सर्जन | स्वास्थ्य | सर्जरी/पेडियाट्रिक सर्जरी | नवौं | १ |
| १३ | १३/०७८/०७९ | कन्सल्टेन्ट सर्जरी /ग्याष्ट्रो | स्वास्थ्य | सर्जरी/ग्याष्ट्रो- | नवौं | १ |
| १४ | १४/०७८/०७९ | कन्सल्टेन्ट डेन्टल सर्जन् | स्वास्थ्य | डेन्ट्रिष्टि/डेन्टल सर्जन | नवौं | १ |
| १५ | १५/०७८/०७९ | कन्सल्टेन्ट मेडिकल जनरलिष्ट | स्वास्थ्य | मे./जनरल मेडिसियन | नवौं | १ |
| १६ | १६/०७८/०७९ | कन्सल्टेन्ट प्याथोलोजिष्ट | स्वास्थ्य | प्याथोलोजी/जनरल | नवौं | १ |
| १७ | १७/०७८/०७९ | उप-प्रमुखमेडिकल ल्याब | स्वास्थ्य | मे.ल्या.टे./ ज.मे.ल्या .टे | नवौं | १ |

| सि.न. | विज्ञापन नं. | पद | सेवा | समुह/ उपसमूह | तह | आवश्यक माग संख्या |
|---|---|---|---|---|---|---|
| १८ | १८/०७८/०७९ | कन्सल्टेन्ट एनेस्थेसियोलोजिष्ट | स्वास्थ्य | एनेस्थेसियोलोजी | नवौं | ३ |
| १९ | १९/०७८/०७९ | अस्पताल नर्सिङ प्रशासक | स्वास्थ्य | जनरल नर्सिङ | नवौं | २ |
| २० | २०/०७८/०७९ | मेडिकल अधिकृत | स्वास्थ्य | ज.हे.स. | आठौं | २० |
| २१ | २१/०७८/०७९ | डेन्टल सर्जन | स्वास्थ्य | डेन्ट्रिष्टि/डेन्टल सर्जन | आठौं | १ |
| २२ | २२/०७८/०७९ | नर्सिङ अधिकृत | स्वास्थ्य | जनरल नर्सिङ | सातौं | ४ |
| २३ | २३/०७८/०७९ | मेडिकल ल्याव टेक्नोलोजिष्ट | स्वास्थ्य | मे.ल्या.टे./ज. मे.ल्या.टे | सातौं | २ |
| २४ | २४/०७८/०७९ | फिजियोथेरापिष्ट | स्वास्थ्य | फिजियोथेरापि | सातौं | २ |
| २५ | २५/०७८/०७९ | डाइटिसियन अधिकृत | स्वास्थ्य | विविध | सातौं | १ |
| २६ | २६/०७८/०७९ | हाउस किपिङ्ग अधिकृत | स्वास्थ्य | विविध | सातौं | २ |
| २७ | २७/०७८/०७९ | बायोमेडिकल इन्जिनियर | स्वास्थ्य | विविध/बायोमेडिकल | सातौं | १ |
| २८ | २८/०७८/०७९ | फार्मेसी अधिकृत | स्वास्थ्य | फार्मेसी | सातौं | १ |
| २९ | २९/०७८/०७९ | अस्पताल व्यवस्थापक | स्वास्थ्य | विविध | सातौं | १ |
| ३० | ३०/०७८/०७९ | रेडियोग्राफी टेक्नोलोजिष्ट | स्वास्थ्य | रेडियोग्राफी | सातौं | १ |
| ३१ | ३१/०७८/०७९ | क्लिनिकल साइकोलोजिष्ट | स्वास्थ्य | विविध | सातौं | १ |
| ३२ | ३२/०७८/०७९ | हेल्थ असिस्टेन्ट | स्वास्थ्य | हे.ई. | पौचौं | २ |
| ३३ | ३३/०७८/०७९ | रेडियोग्राफर | स्वास्थ्य | रेडियोग्राफी | पौचौं | २ |
| ३४ | ३४/०७८/०७९ | ल्याव टेक्निसियन | स्वास्थ्य | मे.ल्या.टे./ ज.मे.ल्या.टे | पौचौं | १ |
| ३५ | ३५/०७८/०७९ | एनेस्थेसिया सहायक | स्वास्थ्य | विविध/एनेस्थेसिया | पौचौं | ३ |
| ३६ | ३६/०७८/०७९ | फिजियोथेरापी सहायक | स्वास्थ्य | फिजियोथेरापी | पौचौं | १ |
| ३७ | ३७/०७८/०७९ | बायोमेडिकल टेक्निसियन | स्वास्थ्य | विविध/बायोमेडिकल | पौचौं | २ |
| ३८ | ३८/०७८/०७९ | स्टाफ नर्स | स्वास्थ्य | जनरल नर्सिङ | पौचौं | ३८ |
| ३९ | ३९/०७८/०७९ | डाइलाईसिस टेक्निसियन | स्वास्थ्य | विविध | पौचौं | १ |
| ४० | ४०/०७८/०७९ | डेन्टल हाइजिनिष्ट | स्वास्थ्य | डेन्ट्रिष्टि/हाइजिनिष्ट | चौथो | ३ |
| ४१ | ४१/०७८/०७९ | इ.सि.जि टेक्निसियन | स्वास्थ्य | विविध | चौथो | २ |
| ४२ | ४२/०७८/०७९ | अर्थो अप्टिसियन सहायक | स्वास्थ्य | विविध | चौथो | २ |
| ४३ | ४३/०७८/०७९ | ल्याव असिस्टेन्ट | स्वास्थ्य | मे.ल्या.टे./ ज. मे.ल्या.टे | चौथो | २ |
| | | **जम्मा** | | | | १५० जना |

**तपसिल**

**१. उम्मेदवारको योग्यताः**

क. नेपाली नागरिक हुनुपर्ने ।

ख. **न्यूनतम योग्यताः** माथि उल्लेखित पदहरुको उम्मेदवार हुन नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्था वा विश्वविद्यालयबाट सम्बन्धित विषयमा नेपाल स्वास्थ्य सेवा नियमावली २०५५, को अनुसूची ६ बमोजिम सम्बन्धित समूह तथा उपसमूहमा रहने पदहरुको लागि तोकिएको योग्यता पूरा गरेको हुनुपर्नेछ ।

ग. विदेशी शिक्षण संस्थाबाट अध्ययन गर्नेको हकमा समकक्षता प्रमाणपत्र अनिवार्य पेश गर्नुपर्ने छ ।

घ. **उमेर हदः** अधिकृतस्तरको लागि न्यूनतम २१ वर्ष र सहायकस्तरको लागि न्यूनतम १८ वर्ष पुरा भएको हुनपर्ने छ ।

ङ. सम्बन्धित स्वास्थ्य सम्वद्ध व्यवसायिक परिषदमा दर्ता तथा नवीकरण समेत भएको हुनुपर्ने छ ।

च. स्थायी बसोबास गरेको व्यहोराको सम्बन्धित स्थानीय तहको सिफारिस पत्र पेश भएको हुनुपर्ने छ ।

छ. समावेशीता (महिला, आदिवासी जनजाती, मधेसी, पिछडीएको क्षेत्र, दलित) को हकमा अनिवार्य रुपमा सम्बन्धी विवरण खुलेको प्रमाणित कागजात पेश गर्नुपर्ने छ ।

ज. अपाङ्गताको हकमा अनिवार्य रुपमा अपाङ्गता खुलेको प्रमाणित कागजात पेश गर्नुपर्ने छ ।

झ. प्रचलित कानूनद्धारा अयोग्य नभएको हुनपर्ने छ ।

२. **दरखास्त दिने विधिः** योग्यता पुगेका इच्छुक उम्मेदवारहरुले यस मन्त्रालयमा दरखास्त फाराम भरेको सक्कलै फाइल पेश गर्नुपर्ने छ । चिकित्सकको हकमा मात्र मन्त्रालयको इमेल ठेगाना **mosdsurkhet@gmail.com** मार्फत दरखास्त पेश गर्न सकिनेछ ।अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्टसम्म दरखास्त दिन सकिनेछ । दरखास्त फाराम यस मन्त्रालयको वेवसाइट mosd.karnali.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

३. **दरखास्त साथ संलगन गर्नुपर्ने कागजातहरुः** दरखास्त फारम भरी फाराममा तोकिएको स्थानमा पासपोर्ट साइजको फोटो टाँसी उम्मेदवारको व्यक्तिगत विवरण, एसएलसीदेखि न्यूनतम शैक्षिक योग्यतासम्मका सवै प्रमाणपत्रको प्रतिलिपि, सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाणपत्र प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि साथ दरखास्त पेश गर्नुपर्नेछ । उम्मेदवारले सवै कागजातमा सक्कल बमोजिम नक्कल ठिक भएको प्रमाणित गरेको हुनुपर्नेछ ।

४. **छनौट प्रक्रियाः** कर्णाली प्रदेश सरकारद्धारा स्वीकृत **"प्राविधिक जनशक्ति सेवा करारमा छनौट गर्ने कार्यविधि २०७६, (संशोधन सहित)"** अनुरुप छनौट कार्य हुनेछ ।

५. **सेवा सुविधाः** छनौट भएका चिकित्सक तथा स्वास्थ्यकर्मीहरुलाई कर्णाली प्रदेशभरी जुनसुकै अस्पताल, स्वास्थ्य सेवा कार्यालयमा खटाउन सकिनेछ । पारिश्रमिक तथा सेवाका शर्तहरु कर्णाली प्रदेश सरकारको नियम अनुसार हुनेछ।

६. लोक सेवा आयोगबाट पदपूर्तिका लागि सिफारिस भई आएमा वा स्थायी कर्मचारी खटिई आएमा वा अन्य व्यवस्था भएमा यसरी करारमा नियुक्ति भएका चिकित्सक तथा स्वास्थ्यकर्मीहरुलाई जुनसुकै बेला हटाउन सकिनेछ ।

७. म्याद नाघी आएको र रित नपुगेको दरखास्तलाई मान्यता दिईने छैन ।

८. दरखास्त वापत कुनै शुल्क लाग्ने छैन ।

९. यो सूचना यस मन्त्रालयको वेवसाइट mosd.karnali.gov.np र सूचना पाटी मार्फत समेत हेर्न सकिनेछ ।